Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI: https://doi.org/10.3126/anweshan.v7i01.95047
Research Article
ISSN: 3021-9035 Print

# महिलाको आर्थिक तथा सामाजिक पहिचान निर्माणमा उद्यमशीलता

✍जया बुढाथोकी
jaya.sakura@gmail.com

## लेखसार

नाफा आर्जन गर्नका निम्ति नवीन व्यावसायिक कार्यको सुरुवात गर्नु उद्यमशीलता हो । यसमा लगानी, आम्दानी, खर्च, नाफा, घाटा आदिको लेखाजोखा गरिन्छ। नवप्रवर्तन, जोखिम वहन, अवसर पहिचान, स्रोत व्यवस्थापन, निर्णय क्षमता, नेतृत्व विकास तथा सामाजिक उत्तरदायित्व यसका आधार हुन्। नेपाली समाजका महिलाको आर्थिक र सामाजिक पहिचान निर्माणमा उद्यमशीलताले मार्गनिर्देशन गरेको छ। उनीहरूको आर्थिक र सामाजिक प्रतिनिधित्वको सन्दर्भ दृष्टिगत गरी प्रस्तुत अध्ययनमा महिलाको पहिचान निर्माणमा उद्यमशीलताले खेलेको भूमिकालाई समस्याका रूपमा चयन गरिएको छ । उद्यमशीलताका पृष्ठभूमिमा नेपाली समाजका नारीको आर्थिक र सामाजिक पहिचानको मूल्याङ्कन गर्नु यस अध्ययनको उद्देश्य हो । द्वितीयक तथ्याङ्कमा आधारित यस अध्ययनमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ। पुस्तकालय कार्यबाट सङ्कलन गरिएका सामग्री विश्लेषण गरी नेपाली समाजमा महिलाको सशक्तीकरणका लागि आर्थिक प्रतिनिधित्वले खेलेको भूमिकाको मूल्याङ्कन गरिएको छ । आर्थिक हैसियत सबल नबनेसम्म महिलाको सामाजिक पहिचान निर्माण हुन नसक्ने वस्तुगत तथ्य यस अध्ययनको नवीन आयाम हो। यो अध्ययनलाई नेपाली समाजमा उद्यमशीलताको मार्गबाट आर्थिक तथा सामाजिक प्रतिनिधित्व सुनिश्चित गरी लैङ्गिक सशक्तीकरणको उद्देश्य हासिल गर्न सकिन्छ भन्ने निष्कर्षमा पुऱ्याइएको छ।

## शब्दकुञ्जी

प्रतिनिधित्व, सशक्तीकरण, सीमान्तीकरण, पितृसत्ता

## विषय प्रवेश

क्षमता सुदृढ गरी समाजमा पहिचान स्थापित गर्न सकिन्छ । विभिन्न कारणले किनारामा पुऱ्याइएका वर्ग, जाति र लिङ्गका मानिसहरू आज पहिचान निर्माणमा जुटेका छन् । नेपाली समाजमा पुरुषको वर्चस्व कायम भइदिँदा नारी सीमान्तीकरणको प्रक्रिया विस्तार भएको देखिन्छ। महिला सशक्तीकरणका माध्यमबाट उनीहरूलाई समाजको मूल प्रवाहमा सामेल गराउन सकिन्छ। नारीलाई सशक्त बनाउने विविध विधि र प्रक्रियामध्ये आर्थिक सबलीकरणको मार्ग निर्माणमा उद्यमशीलता प्रभावकारी माध्यम हो । उद्यमशीलता व्यावसायिक मार्गमा अघि बढ्ने तथा बढाउने तरिका हो। मानिसलाई व्यावसायिक बनाई स्वरोजगार र आर्थिक उन्नतिको अवस्थामा सामेल गर्ने प्रक्रिया उद्यमशीलता हो। उत्पादन, वितरण र सेवाका क्षेत्रमा नवीन विचारमार्फत् जोखिम वहन र नवप्रवर्तनको विषय समेटी आर्थिक तथा सामाजिक रूपान्तरण गर्ने प्रक्रिया उद्यमशीलता हो। यो उद्यम सुरु गर्नुपूर्व लगानी, आम्दानी, खर्च, नाफा, घाटा आदिको लेखाजोखा गर्ने प्रक्रिया हो। नवप्रवर्तन, जोखिम वहन, अवसर पहिचान,

✍लेखक विद्यावारिधी अनुसन्धाता हुनुहुन्छ।

स्रोत व्यवस्थापन, निर्णय क्षमता, नेतृत्व विकास, सामाजिक उत्तरदायित्व आदि उद्यमशीलताका आधार हुन्। उद्यमशीलताका मार्गबाट नेपाली समाजका नारीको सशक्तीकरण सुनिश्चित गर्न सकिन्छ। यही बाटोबाट उनीहरूको पहिचान निर्माणको उद्देश्य हासिल हुन्छ। वर्तमान नेपाली समाजमा हरेक क्षेत्रका किनारीकृतहरू पहिचान निर्माणको अभ्यासमा सामेल भएका छन्। नारीहरू पनि वर्षौंदेखि पितृसत्ताको प्रभुत्वमा परी पहिचानको सङ्कटमा गुज्रिएका छन्। उनीहरूको पहिचानको खोजी गर्नका लागि उद्यमशीलतालाई भरपर्दो माध्यम बनाउन सकिन्छ। विशेष गरी विकासोन्मुख मुलुकहरूमा उद्यमशीलता रोजगारी सृजना, गरिबी न्यूनीकरण र सामाजिक सशक्तीकरणको माध्यम बनेको पाइन्छ। उद्यमशीलताका माध्यमबाट नेपाली समाजका नारीले हासिल गरेको आर्थिक तथा सामाजिक पहिचानको अवस्था विश्लेषण गर्नु आजको अर्को महत्त्वपूर्ण पक्ष ठहर्दछ। उद्यमशीलताका पृष्ठाधारमा नेपाली नारीको आर्थिक र सामाजिक प्रतिनिधित्वको सन्दर्भ र उनीहरूको पहिचान निर्माणमा यसले खेलेको भूमिकाको सन्दर्भ हालसम्मका अनुसन्धानमा सम्बोधन भएको पाइँदैन। यही शोध अन्तराललाई दृष्टिगत गरी यस अध्ययनमा नेपाली नारीको आर्थिक तथा सामाजिक पहिचान निर्माणमा उद्यमशीलताको भूमिकालाई समस्याका रूपमा चयन गरिएको छ। उद्यमशीलताका पृष्ठभूमिमा नेपाली नारीको आर्थिक तथा सामाजिक प्रतिनिधित्वको पहिचान यस अध्ययनको उद्देश्य हो। यसै उद्देश्यपूर्तिका निमित्त द्वितीयक तथ्याङ्कमा आधारित प्रस्तुत शोधलेखलाई अघि बढाइएको छ। उद्यमशीलताका पृष्ठाधारमा निर्मित नेपाली समाजका नारीको आर्थिक तथा सामाजिक पहिचान विश्लेषण तथा मूल्याङ्कन गरी यस अध्ययनलाई सीमाङ्कन गरिएको छ। उद्यमशीलतामार्फत् लैङ्गिक सशक्तीकरणको उद्देश्य प्राप्तिका सन्दर्भमा नेपाली समाजका महिलाले हासिल गरेको आर्थिक तथा सामाजिक पहिचान मूल्याङ्कनको क्षेत्रगत सीमितता नै यो अध्ययनको सीमा हो। यही सीमाभित्र बसी प्रस्तुत अध्ययनमा उद्यमशीलताका पृष्ठभूमिमा नेपाली समाजका नारीको आर्थिक र सामाजिक पहिचानका साथै उनीहरूको लैङ्गिक सशक्तीकरणको अवस्था मूल्याङ्कन गरिएको छ।

## *अध्ययनको विधि*

प्रस्तुत अध्ययन द्वितीयक तथ्याङ्कमा आधारित अध्ययन हो। यसमा द्वितीयक तथ्याङ्क सङ्कलनका लागि विभिन्न शोधग्रन्थ, पुस्तक, अनुसन्धानमूलक लेख, समीक्षा लेख, पत्रपत्रिका आदि पहिचान गरिएको छ। यसमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ, जसको माध्यम पुस्तकालय कार्यलाई बनाइएको छ। महिला सशक्तीकरण र पहिचान निर्माणमा उद्यमशीलताले खेलेको भूमिका विश्लेषण गर्नका निम्ति विश्लेषणका निश्चित आधार तयार गरिएको छ। यो अध्ययनलाई पूर्णता दिनका लागि नेपाली समाजका महिलाको उद्यमशीलताका पृष्ठाधारमा निर्मित आर्थिक र सामाजिक प्रतिनिधित्वलाई उनीहरूको आर्थिक र सामाजिक पहिचान विश्लेषणको मानदण्डका रूपमा चयन गरिएको छ। यिनै मानदण्डका आधारमा उद्यमशीलताका कारण निर्मित नेपाली नारीको पहिचानको अवस्था मूल्याङ्कन गरिएको छ। अर्थापनको प्रक्रिया निगमनात्मक रहेको प्रस्तुत अध्ययनमा द्वितीयक तथ्याङ्कबाट प्राप्त तथ्याङ्कलाई  विश्लेषणात्मक पद्धति अनुसरण गरी नेपाली समाजका महिलाको पहिचान निर्माणमा उद्यमशीलताले खेलेको भूमिका विश्लेषण तथा मूल्याङ्कन गरिएको छ।

## *उद्यमशीलताको पृष्ठभूमि र अवधारणा*

नाफा कमाउने उद्देश्यले नयाँ व्यवसाय वा व्यावसायिक कामको सुरुवात गर्ने प्रक्रिया उद्यमशीलता हो। उद्यम सुरु गर्नुपूर्व लगानी, आम्दानी, खर्च, नाफा, घाटा आदिबारे लेखाजोखा गर्नु उद्यमशीलता हो। नवप्रवर्तन, जोखिम वहन, अवसर पहिचान, स्रोत व्यवस्थापन, निर्णय क्षमता, नेतृत्व विकास र सामाजिक उत्तरदायित्व यसका आधार हुन्। व्यावसायिक सफलताको लेखाजोखा गरी उद्यम सञ्चालन गर्दा उद्यम सुरु भएको कति समयमा त्यस

व्यवसायले नाफा हासिल गर्छ, प्रति इकाइ लागत कति पर्छ जस्ता आधारभूत प्रश्नको उत्तर प्राप्त गरेर मात्र उद्यम सञ्चालन गर्न सकिन्छ। उद्यमशीलता नयाँ उद्यम सृजना गर्ने, सुरुवात गर्ने र व्यवस्थापन गर्ने गतिशील प्रक्रिया हो। यसमा अवसरको पहिचान गर्नुका साथै नवीन समाधान पहिल्याइन्छ । यसमा नाफा तथा सामाजिक मूल्यको लेखाजोखा गरिन्छ। यो जोखिम वहन गरी सञ्चालन गरिने कार्य हो । उद्यमका विषयमा महिलाको उपस्थितिलाई देशको आर्थिक विकाससँग जोडी हेर्न सकिन्छ । महिलाको व्यक्तिगत जीवन उकास्न मात्र नभई पारिवारिक तथा आर्थिक अवस्था सुधार्नका निम्ति पनि महिला उद्यमशीलताले योगदान दिएको पाइन्छ (Rashid & Ratten, 2020, p. 86-87) । महिलालाई सीमान्त जीवनबाट बाहिर निकाल्नका लागि उद्यमशीलता प्रभावकारी माध्यम हो। यस विषयले महिलाको सशक्तीकरण प्रक्रियालाई अघि बढाएको छ। उद्यम गर्न खोज्ने वा उद्यमको सोच भएका व्यक्तिलाई उद्यमी हुनुपूर्व चाहिने सिप, क्षमता र ज्ञान उद्यमशीलता हो। Ronstadt, Vesper & McMullan (1988) ले उद्यमशीलतालाई सम्पत्ति वृद्धि गराउने गतिशील प्रक्रियाका रूपमा चिनाएका छन्। उनले सम्पत्ति वृद्धि गराउने कार्यमा सामेल उद्यमीले कुनै वस्तु वा सेवाको मूल्य वृद्धि गर्नका लागि समय र पुँजीमा जोखिम बेहोर्ने धारणा राखेका छन् (p. 6) । वस्तु र सेवा सम्पूर्ण रूपमा नयाँ हुन सम्भव छैन तथापि आवश्यक साधन, स्रोत र सिप प्रयोग गरी त्यसको मूल्य वृद्धि गराउन सकिन्छ।

नेपालमा उद्यमशीलतामा सोचेको सफलता हासिल गर्न सकिएको छैन । महिला उद्यमी र उद्यमशीलताको अवधारणा सन् १९८० को दशकमा नै छलफलमा आएको हो । आधुनिक तथा व्यावसायिक अर्थशास्त्रले उद्यमी र उद्यमशीलता शब्दलाई पुरुषार्थबाट निष्प्रभावी र वस्तुनिष्ठ बनाउन ज्ञानको लैङ्गिक र राजनीतिलाई सन्दर्भमा राखेका छन् । काठमाडौँ, ललितपुर र भक्तपुरका व्यावसायिक नेवार समुदायका महिलाहरूमा गरिएको एक अध्ययन अनुसार ५२.५% महिलाहरू उद्यममा आबद्ध छन् । विभिन्न समस्याका बाबजुद परम्परागत लघुउद्यमको स्वामित्व ग्रहणका सम्बन्धमा नेवार समुदायका महिलाले घर र व्यावसायिक जिम्मेवारी बिच कसरी सन्तुलन कायम गरेका थिए भन्ने प्रश्न सृजना हुन्छ । यो प्रश्नका साथमा उनीहरूले घरायसी र परम्परागत व्यवसायमा प्राप्त गरेको सफलताको विषय पनि प्रकट भएको पाइन्छ (Shilpakar, 2024, p. 2) । उद्यमशीलताले महिलालाई पारिवारिक संरचनामा रहेर पनि व्यावसायिक ज्ञान हासिल गरी त्यसमा दक्षता प्राप्त गर्न अभिप्रेरित गर्छ। यसले महिलालाई व्यावसायिक मार्गमा अग्रसर हुन आधार तयार गरिदिएको पाइन्छ।

महिला उद्यमीले देशको औद्योगिक क्षेत्रको विकासमा मात्र नभई कृषि र सेवाक्षेत्रको विकासमा पनि महत्त्वपूर्ण भूमिका खेलेका छन्। आर्थिक विकासका क्षेत्रमा उद्यमशीलताले अर्थतन्त्र, भौतिक स्रोतसाधन, औद्योगिक वातावरण र उद्यमशीलताको राजनीतिक प्रणाली निर्माणको आधार भूमि तयार पार्दछ । महिला उद्यमीहरूले नयाँ वस्तु र सेवाका रूपमा नयाँ रोजगारी सृजना गर्दछन् । यसबाट अर्थतन्त्रमा महिलाको भूमिका प्रस्टिन्छ। उद्यमशीलताको अवधारणा र शैलीलाई अघि बढाउने वातावरण निर्माण गर्नका निम्ति सन्तुलित दृष्टिकोण आवश्यक छ, जसले अर्थतन्त्रको सुदृढीकरण गरी समाजमा सकारात्मक प्रभाव पार्छ (Basnet, 2024, p. 1) । दक्षिण एसियाली देशहरूमा महिला उद्यमशीलताको अवस्था सन् २०२२ मा अध्ययन भएको पाइन्छ। यस अध्ययनले पाकिस्तानमा महिलाको जनसङ्ख्या बढी रहेको र पुरुषका तुलनामा महिलालाई स्वतन्त्र रूपमा व्यापार व्यवसाय गर्ने सामाजिक वातावरण तयार नभएको देखाएको छ । गरिबी, बृहत् परिवार, व्यवसायका लागि लगानी नपाउने अवस्था, पारिवारिक असहयोग लगायत विषय महिला उद्यम नफस्टाउनुको मुख्य कारण बन्न पुगेका छन् । पुरुष प्रभुत्व, पारिवारिक दायित्व, अनिश्चित बजार, बिक्री केन्द्रहरूको अभाव, शत्रुतापूर्ण भावना, कडा नीति, अपर्याप्त शिक्षा, तालिम आदि पक्ष पनि महिलाको मनोबल कमजोर बनाउने तत्त्वहरू हुन् । यी तत्त्वले उद्यममा प्रतिकूल असर पारेका

छन् (Franzke, et al., 2022, p. 362)। उद्यमशीलताको व्यावहारिक पक्ष जुन रूपमा अघि बढ्नुपर्ने हो त्यो रूपमा बढ्न नसक्दा महिला सशक्तीकरणको विषय कमजोर बन्न पुगेको छ। नेपाली समाजको सन्दर्भलाई हेर्ने हो भने पुरुषसत्ताको प्रभावले यस विषयलाई प्रभावमा पारेको देखिन्छ। यी सबै प्रकृतिका समस्या पहिचान गरी महिलाको आर्थिक, सामाजिक, व्यावसायिक आदि अवस्था पहिचान गर्नु राज्यको दायित्व हो।

राष्ट्रिय महिला उद्यमी सम्मेलनको प्रतिवेदन (२०८०) मा उद्यमशीलताका आधारमा नेपाली समाजका महिलालाई सशक्तीकरण गर्ने मार्ग पहिचान गर्नुपर्ने सन्दर्भ उठान भएको छ। यो प्रतिवेदनले नेपालको संविधान २०७२ मा राजनीतिक, सांस्कृतिक, सामाजिक र आर्थिक सबै निकाय र क्रियाकलापमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता र समान अवसरको प्रत्याभूति गर्नुपर्ने व्यवस्था सम्बन्धी विषय अघि सारिएको बताएको छ। संविधानले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षालगायत क्षेत्रमा सकारात्मक विभेदका आधारमा अवसर प्रदान गर्ने तथा सम्पत्ति र आयआर्जनका क्षेत्रमा प्रोत्साहनको नीति अवलम्बन गरेको सन्दर्भ पनि यस प्रतिवेदनले उठान गरेको छ (पृ. ३)। २०७२ को संविधान जारी भएपछि बनेका विभिन्न नीति, ऐन, निर्देशिका, कार्यविधि र परियोजनामा महिलाको सहभागिता वृद्धि गर्ने विभिन्न व्यवस्था भएको पाइन्छ। नेपाली महिलाको सशक्तीकरण र त्यसका माध्यमबाट उनीहरूको पहिचान निर्माण गर्ने विषयमा संवैधानिक व्यवस्था भएको छ। यसले महिलाको पहिचान निर्माणको मार्ग सुनिश्चित गरेको छ।

सन् २०२३ मा बङ्गलादेशमा गरिएको एक अध्ययनअनुसार सहकारी संस्थाहरूको उपस्थितिले त्यस देशमा महिलालाई लघुउद्यममा आउन विशेष सहयोग मिलेको देखिन्छ। पुरुषप्रधान देश भए पनि सहकारीहरू खुलेपछि महिलामा बचत तथा लगानीको क्षमता विकास भई उनीहरू आत्मनिर्भर बन्न सफल भएका छन् (Emon & Nipa, 2024, p. 5)। नेपालमा उद्यमशीलताको बुझाइ फराकिलो बन्न सकेको देखिँदैन। उद्यशीलता व्यक्तिलाई योजना अनुरूपको सिपमूलक तालिम दिने व्यवस्थित कार्यक्रम हो। महिलाले यस्तो तालिम लिएपछि त्यसलाई व्यवहारमा उतार्न उनीहरूमा केकस्तो क्षमता विकास भयो भनी अध्ययन अनुसन्धान भएको पाइँदैन। उद्यमशीलताका माध्यमबाट महिलाको क्षमता अभिवृद्धि गरी आर्थिक, सामाजिक, सांस्कृतिकलगायत क्षेत्रमा उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्न सकिन्छ। उद्यमशीलताले महिलालाई आर्थिक रूपमा आत्मनिर्भर, सामाजिक पहिचान निर्माणमा सफल, नेतृत्व क्षमतामा सबल र निर्णय प्रक्रियामा अग्रसर बन्न मार्गनिर्देशन गर्दछ। उद्यमशीलतासम्बन्धी यिनै मान्यताका आधारमा प्रस्तुत अध्ययनमा उद्यमशीलताका पृष्ठभूमिमा नेपाली समाजका महिलाको आर्थिक तथा सामाजिक पहिचानको अवस्था विश्लेषण तथा मूल्याङ्कन गरिएको छ। यस कार्यका लागि नेपाली समाजका नारीको आर्थिक तथा सामाजिक प्रतिनिधित्वलाई उनीहरूको आर्थिक तथा सामाजिक पहिचानको अवस्था विश्लेषणको आधारका रूपमा चयन गरिएको छ। यिनै आधार प्रयोग गरी नेपाली समाजका नारीको पहिचान निर्माणमा उद्यमशीलताले खेलेको भूमिका विश्लेषण तथा मूल्याङ्कन गरिएको छ।

## *नतिजा र विमर्श*

नेपाली समाजका नारीले वञ्चीतीकरणको लामो कालखण्ड बेहोरेका छन्। पितृसत्ताका पृष्ठाधारमा उनीहरूको पहिचान निर्माण समस्याग्रस्त बन्न पुगेको इतिहास छ। परिवर्तित सन्दर्भमा पनि उनीहरूका निम्ति पहिचानको मार्गनिर्माण चुनौतीको विषय नै देखिन्छ। उनीहरूको पहिचान निर्माणमा उद्यमशीलतालाई प्रयोग गर्न सकिने तथा यसले खेल्ने भूमिकाको सन्दर्भलाई दृष्टिगत गरी प्रस्तुत अध्ययनमा नेपाली समाजका नारीको उद्यमशीलताका पृष्ठाधारमा निर्मित आर्थिक तथा सामाजिक पहिचानको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ। यसका लागि आर्थिक तथा सामाजिक प्रतिनिधित्वको अवस्थालाई

पहिचान निर्माणको अवस्था मूल्याङ्कनका आधारका रूपमा प्रयोग गरिएको छ।

आर्थिक प्रतिनिधित्व

नारी सशक्तीकरणको विषय नेपाली सामाजिक सन्दर्भमा मुख्य लैङ्गिक समस्या बनेको देखिन्छ। महिलाको पहिचान निर्माणमा सशक्तीकरणको विषयले भूमिका खेलेको छ। उनीहरूको पहिचान निर्माणमा आर्थिक सशक्तीकरण एक महत्त्वपूर्ण पक्ष हो । नेपाली समाजमा महिलाको आर्थिक सशक्तीकरणका क्षेत्रमा विभिन्न कालखण्डमा विभिन्न प्रयासहरू भएका छन्। सन् १९५६ मा तत्कालीन पञ्चायत र स्थानीय विकास मन्त्रालयअन्तर्गत 'महिला प्रशिक्षण केन्द्र' स्थापना भएको देखिन्छ । यसका साथै सन् १९७० मा विकासमा महिला नाम दिई नारी सशक्तीकरणका लागि विशेष अवधारण ल्याइएको थियो (Bhadra & Thapa, 2007, p. 23) । यो अवधारणले परम्परागत मान्यता, परम्परागत कृषि र घरायसी कामबाट महिलालाई आधुनिकपद्धति र शैलीतर्फ अघि बढाउने प्रयास गरिएको थियो । यसले विकासमा पुरुष र महिला दुवैको महत्त्व उत्तिकै हुने मान्यता स्थापित गरेको देखिन्छ । यसले महिलाको गुणस्तरीय जीवन, शिक्षा, स्वास्थ, ज्याला लगायत पक्षमा जोड दिएको पाइन्छ। त्यसपछि सन् १९७० को अन्त्यतिर 'महिला र विकास' नामको कार्यक्रमले अर्को अवधारणा निर्माण गरेको देखिन्छ । यस अवधारणाले महिलालाई आर्थिक प्रतिनिधित्वका क्षेत्रमा सक्रिय बनायो। धरणीधर खतिवडा (२०७७) ले लेखेका छन् :

> *१९७७ सालमा चन्द्रशमशेरबाट सुरु भएको सती प्रथाको उन्मूलन, २०२० सालमा मुलुकी ऐनले अघि सारेको समानताको व्यवस्था, २०१५ र २०१९ सालको संविधानले महिला हकहितबारे राखेको प्रावधान अन्तर्राष्ट्रिय नारी वर्षको घोषणा, सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् २०३४ ले महिला विकासक लागि राखेको प्रावधान, महिला प्रशिक्षण केन्द्रको स्थापना, महिला विकास अधिकृतमार्फत् सञ्चालित त्यही समयका कार्यक्रम लगायत हेर्दा विकसित भनिएका प्रजातान्त्रिक मुलुकका दाँजोमा नीतिगत र संस्थागत प्रावधानद्वारा महिला विकासमा २०४५/४६ को आन्दोलनअघि राज्यनिर्देशित योजना प्रणालीले केही उल्लेखनीय काम गरेको देखिन्छ। ...२०५२ सालमा महिला तथा समाज कल्याण मन्त्रालय गठन गरी कार्य विभाजन नियमावली तथा क्षेत्रगत आधारमा बृहत् राष्ट्रिय विकास नीतिसँग जोडी अघि बढ्ने संस्थागत प्रबन्ध गरियो । राष्ट्रिय महिला आयोगको गठन र चौथो विश्व महिला सम्मेलनले अघि सारेका १२ ओटा विषयमध्ये ६ ओटालाई प्राथमिकतामा राखेर तत्कालीन मन्त्रीपरिषद्ले पारित गरेको राष्ट्रिय कार्ययोजनालाई नवौँ आवधिक योजनाले स्वामित्व ग्रहण गरेको देखिन्छ। २०५७ मा गठन भएको राष्ट्रिय महिला आयोग, २०६० मा पारित महिलासम्बन्धी राष्ट्रिय कार्यनीति र २०६१ मा पारित भएको महिला सशक्तीकरणसम्बन्धी नीतिलाई यो क्षेत्रमा राज्यद्वारा अवलम्बन गरिएको सकारात्मक पहलका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।*

उद्धृत अनुच्छेदमा खतिवडाले इतिहासका विभिन्न कालखण्डमा महिला सशक्तीकरणका निम्ति निर्मित पृष्ठभूमिको सन्दर्भ अघि सारेका छन्। यसबाट महिलाको आर्थिक प्रतिनिधित्वको पृष्ठभूमि पहिचान गर्न सकिन्छ। यसले नेपाली महिलाको आर्थिक प्रतिनिधित्वमार्फत् निर्माण हुने आर्थिक पहिचानको धरातल प्रस्ट्याएको छ।

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल (२०७८) ले महिलाको आर्थिक तथा सामाजिक विकासका निम्ति विकासमा लैङ्गिक सहभागिताको अवधारणालाई प्राथमिकतामा राखी त्यसैअनुसारका कार्यक्रम अघि बढाउनु आवश्यक हुने मान्यता अघि सारेको छ। यसमा यस्तो मान्यता सन् १९८० को दशकदेखि अघि बढाइएको बताएको छ । यसले विकासमा महिला र पुरुष दुवैको अन्तर्सम्बन्ध तथा भूमिका हुने विषयलाई महत्त्वका साथ प्रस्तुत गरेको छ।

यसमा महिला र पुरुष सामाजिक विकासमा एकअर्काका परिपूरक हुन् भन्ने मान्यता जोडिएको देखिन्छ। नारीपुरुष दुवैको सहभागितामा मात्र विकासका कार्यक्रम प्रभावकारी बन्ने विषयलाई यसले महत्त्व दिएको छ (पृ. ६)। यसबाट नेपाली समाजमा महिलाको आर्थिक पहिचान निर्माणमा उद्यमशीलताले निर्माण गरेको पृष्ठभूमिको सन्दर्भ मूल्याङ्कन गर्न सकिन्छ। आज नेपाली महिलाको आर्थिक प्रतिनिधित्वको पृष्ठभूमि निर्माणमा पुरुषको भूमिका पनि खोज्नुपर्ने मान्यता विकास भएको छ। महिलाको आर्थिक प्रतिनिधित्व निर्माणलाई व्यावहारिक स्वरूप प्रदान गर्नका निम्ति यस मान्यतालाई पृष्ठभूमिमा राखी कार्य हुन आवश्यक छ।

महिलाको आर्थिक प्रतिनिधित्व सुनिश्चित गरी उनीहरूलाई आर्थिक पहिचान प्रदान गर्नका लागि उद्यमशीलता उत्तम मार्ग बन्न सक्छ। यस मार्गमा उनीहरूलाई अघि बढाउनका निमित्त राज्यले पर्याप्त योजना र कार्यक्रम निर्माण गरेको देखिँदैन। पर्याप्त नभए पनि उल्लेख गर्न योग्य केही योजना भने अघि बढाइएका पाइएका छन्। शोभा ज्ञवाली (२०८१) ले स्थानीय सिपमा आधारित खासगरी हस्तकलाका सामग्रीको प्रचारप्रसार गर्ने उद्देश्यले १९९७ सालमा स्थापित घरेलु उद्यम प्रचार अड्डालाई नेपाली उद्यमशीलताको पहिलो औपचारिक सुरुवातका रूपमा लिन सकिन्छ भनेकी छिन्। कानुनी रूपमा प्रथम पञ्चवर्षीय योजना २०१३ ले यसलाई थप व्यवस्थित गर्ने प्रयास गरेको उनको अभिमत छ। ज्ञवालीले सहरी क्षेत्रमा महिला उद्यमशीलताको अवस्था सुधारोन्मुख भए तापनि ग्रामीण भेगमा अझै पनि महिलाहरू घरायसी कामकाज तथा सहयोगी भूमिकामा रही त्यस्ता कार्यमा संलग्न रहेको बताएकी छिन्। उनले महिला उद्यमीहरू ठुला उद्यमभन्दा घरेलु उद्यमहरूमा संलग्न भएका दृष्टान्त प्रस्तुत गरेकी छिन्। उनका अनुसार कृषि र कृषिसँग सम्बन्धित हस्तकला, होमस्टे, साना होटल, रेष्टुरेन्टलगायत उद्यमहरूमा उनीहरूको संलग्नता देखिएको छ। महिलालाई साना उद्योगका उद्यमी बनाई आर्थिक क्षेत्रमा फराकिलो प्रगति गर्ने लक्ष्यका साथ यस्ता कार्यक्रममा सरिक गराइएको पाइन्छ।

उद्यमशीलताको उद्देश्य आर्थिक समृद्धिसँग जोडिएको विषय हो। नेपाली समाजका नारीको आर्थिक हैसियत वृद्धि गरी उनीहरूलाई जुनसुकै क्षेत्रमा पनि सफल प्रतिस्पर्धी बनाउनु आजको आवश्यकता हो। महिला उद्यमीमध्ये १३.४% मात्र बैँङ्कको ऋण परिचालन गर्न सक्षम देखिएका छन्। प्राप्त तथ्याङ्कअनुसार सन् २०२४/२५ मा थप ७२ हजार महिला उद्यमीले सहुलियत ऋण प्राप्त गरेका छन्। यो तथ्याङ्कमा महिलाहरू उद्यमशीलतासित जोडिन अग्रसर भएको एक सकारात्मक प्रयास प्रतिबिम्बित भएको पाइन्छ (ज्ञवाली, २०८२)। यस मार्गमा सुदृढ पाइला चाल्न सके मात्र उनीहरूको आर्थिक प्रतिनिधित्व सम्भव छ। इन्दिरा पन्त (२०७७) ले उद्यमशीलता र आर्थिक समृद्धिका बिच अन्योन्याश्रित सम्बन्ध रहेको बताएकी छिन्। समृद्धिका लागि उद्यमशीलता र उद्यमशीलताका लागि ज्ञान, सिप, पुँजीमा पहुँच अपरिहार्य रहेको उनको धारणा छ। उनले परिस्थिति सामान्य हुँदा पनि उद्यमशीलताको विकास जरुरी भएको तर्क राखेकी छिन्। पन्तले अहिले विश्व एक विशिष्ट परिस्थितिमा रहेकाले मानव जीवन, जनजीविका र अर्थतन्त्रबारे अन्योल र अनिश्चितता बढिरहेको प्रस्ट्याएकी छिन्। हाम्रो देशमा अस्थिर राजनीतिक अवस्थाका कारण आर्थिक समृद्धिको बाटो अवरुद्ध बन्न पुगेको छ। यसले नारीको आर्थिक प्रतिनिधित्वको विषय सबल रूपमा अघि बढ्न सकेको छैन। अलमलिएका सामाजिक, सांस्कृतिक, राजनीतिक लगायत मुद्दा किनारा लगाउन नसके यसले नेपाली समाजका महिलालाई प्रदान गरिनुपर्ने आर्थिक पहिचानको विषय ओझेल पर्ने निश्चित छ। सरोकारवाला सम्पूर्ण पक्ष यस दिशामा सचेत भई अघि बढ्नु आजको आवश्यकता हो।

## *सामाजिक प्रतिनिधित्व*

नेपाली समाजमा महिलाको पहिचान निर्माणका निमित्त उनीहरूको आर्थिक हैसियत सुदृढ हुनु आवश्यक छ। आर्थिक प्रतिनिधित्व प्राप्त नभएसम्म सामाजिक

पहिचान निर्माण हुने बाटो खुल्न सक्दैन। तसर्थ, सर्वप्रथम उनीहरूको आर्थिक हैसियत सुदृढ हुन जरुरी छ। नेपाली समाजमा महिलालाई आर्थिक समृद्धि हासिल गर्नका निम्ति उद्यमशीलता एक उपयुक्त मार्ग बन्न सक्छ । यसैलाई आधार बनाई उनीहरू सामाजिक पहिचान निर्माणका मार्गमा अघि बढ्न सक्छन् । सामाजिक उद्यमले महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउँछ। महिला उद्यमशीलता महिलाको आर्थिक हैसियत विकासको महत्त्वपूर्ण पक्ष हो। नेपालमा उद्यमशीलतामा महिलाहरूको संलग्नतालाई अनौपचारिक संलग्नताका रूपमा हेरिएको छ। बालबालिकाको शिक्षा, वृद्धवृद्धाको हेरचाह र घरायसी कामकाज सकेपछि बाँकी रहेको समयमा मात्र महिलालाई उद्यममा लाग्ने वातावरण छ। यो नेपाली समाजको आजको वास्तविकता हो। महिलाहरू आर्थिक उन्नति र नाफा आर्जन गर्ने उद्देश्यले भन्दा पनि पारिवारिक जीविकोपार्जनका लागि व्यवसाय गर्ने गर्छन् (Hillman, 2024, p. 7)। यसले नेपाली समाजका महिलाको सामाजिक हैसियत प्रस्ट पार्छ। यो परिदृश्यमा उनीहरूको सामाजिक प्रतिनिधित्वको अवस्था र स्तर प्रतिबिम्बित भएको पाइन्छ । यो एक चिन्ताको विषय हो। यस दिशामा राज्यको लगानी पर्याप्त हुन जरुरी छ।

सन् २०१७ मा इथियोपियामा गरिएको एक अध्ययनको नतिजाले लक्षित व्यवसायी महिलाको व्यावसायिक प्रतिनिधित्वले उनीहरूको आर्थिक र सामाजिक हैसियत सुदृढ भएको देखाएको छ। महिला उद्यमशीलताका कारण उनीहरूको उत्पादकत्व वृद्धि हुनुका साथै उनीहरूको आयमा पनि सुधार आएको छ। यसबाट महिलाको वचत वृद्धि भई नेतृत्व क्षमतामा समेत उल्लेख्य सुधार आएको छ । महिलामा आएको सकारात्मक सुधारका कारण उनीहरूको व्यवसाय व्यवस्थित बन्न पुगेको छ (Mekonnen, 2017, p. 11)। यो अध्ययनले आर्थिक प्रतिनिधित्व भएपछि महिलाको सामाजिक पहिचान निर्माणको विषयले गति लिएको सन्दर्भलाई उजागर गरेको छ। इथियोपियाको यस दृष्टान्तलाई नेपाली समाजमा पनि ग्रहण गरिनु आवश्यक छ । यस प्रकृतिको सफलता हासिल गर्नका निम्ति यो जनाबद्ध ढङ्गले कार्यको गति अघि बढाउन जरुरी छ।

गोरखापत्र अनलाइन (२०८०) ले अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान घटिरहेका बेला महिला उद्यमीको योगदानले आयआर्जन र रोजगारी बढाउन सहयोग पुगेको सन्दर्भ उद्घाटन गरेको छ। यसले हाल सञ्चालनमा रहेका महिलाद्वारा सञ्चालित उद्योगलाई सरकारी स्तरबाट दिन सकिने सेवा–सुविधाका साथै कच्चा पदार्थ, निर्यात प्रवर्धन, बजारीकरण लगायत प्राथमिकता प्रदान गर्ने विषयमा राज्यका तर्फबाट नीतिगत अनुगमन भई निर्णय गरिनु आवश्यक रहेको तर्क प्रस्तुत गरेको छ । यसबाट उद्यमशीलतामार्फत् निर्माण हुने नेपाली महिलाको आर्थिक पहिचानको विषय र त्यसका पृष्ठभूमिमा उनीहरूले हासिल गर्ने सामाजिक पहिचानको अवस्था प्रस्टिएको छ। आर्थिक पहिचान नै सामाजिक पहिचानको आधार हो । सामाजिक पहिचान निर्माणको आधारभूमि निर्माण गर्न आर्थिक हैसियत सुदृढ हुन जरुरी छ। नेपाली समाजका महिलालाई यस दिशामा क्रियाशील गराउनका निमित्त जुनसुकै तहका सरकारको सक्रिय सहभागिता आजको आवश्यकता हो।

राष्ट्रिय महिला उद्यमी सम्मेलनको प्रतिवेदन (२०८०) ले हाल नेपालमा २७ प्रतिशत व्यवसाय महिलाका नाममा रहेको बताएको छ। यसले यस प्रकृतिका व्यावसायिक कार्यमा सक्रियतापूर्वक लागेका महिलाको सङ्ख्या कम रहेको तथ्य अघि सारेको छ (पृ. १२) । यसलाई हाम्रो समाजको समुन्नत विकास हुन नसक्नुको कारणका रूपमा मूल्याङ्कन गर्न सकिन्छ। नेपालको अर्थतन्त्रमा २८ देखि ३०% योगदान महिलाले दिएको तथ्याङ्क पनि यसै प्रतिवेदनमा उल्लेख भएको छ। यो प्रतिवेदनका अनुसार यस प्रकृतिको योगदान मुख्य गरेर अनौपचारिक तवरबाट हुने गरेको बताएको छ (पृ. १४)। यसबाट नेपाली समाजका महिलाको सामाजिक पहिचानको अवस्था मूल्याङ्कन गर्न सकिन्छ। देशको अर्थतन्त्रमा महिलाको योगदान अदृश्य रहनु सुखद विषय होइन। नेपाली समाजका नारीको पहिचान आर्थिक प्रतिनिधित्वका पृष्ठभूमिमा निर्माण भएको देखिन्छ । प्रस्तुत दृष्टान्तले आर्थिक हैसियत सुधार नभई सामाजिक

तथा अन्य हैसियतमा सुधार हुन नसक्ने निष्कर्ष प्रस्तुत गरेको छ।

आर्थिक पहिचान प्राप्तिपछि नेपाली समाजका महिलाले क्रमिक रूपमा सामाजिक पहिचान निर्माण गर्दै गएको देखिन्छ। उनीहरूको यस्तो प्रयासले सकारात्मक गति लिएको पाइन्छ। आफ्नै प्रयत्न तथा सहयोगी र राज्यको सहयोग ग्रहण गरी उनीहरू सामाजिक पहिचान निर्माणमा अघि बढेका छन्। सडक किनारामा व्यापार व्यवसाय गर्ने नेपाली महिलाहरूको अवस्था सुधार हुँदै गएको देखिएको छ। विगतका तुलनामा व्यवसायमा संलग्न महिलाहरू आफ्नै लागि काम गर्ने, कमाउने र रोजगारी सृजना गर्ने कार्यमा सामेल भएका छन्। यसका साथै उनीहरूले जग्गा भाडामा लिई व्यावसायिक खेती गरेर आम्दानीको स्रोत प्राप्त गरेको पाइएको छ। यस कार्यबाट उनीहरूको जीवनस्तर पहिलेभन्दा सुदृढ बन्न पुगेको छ। साना उद्यमीका रूपमा परिचित नेपाली महिलाहरू आफ्नै सिप र क्षमताको प्रयोग गरी आत्मनिर्भर बन्न सफल भएका छन् (Sato, 2023, p. 13-19)। विगतका विविध कालखण्डका द्वन्द्वपछि नेपाली समाजका महिलामा विशेष परिवर्तन आएको छ। उनीहरू ससाना उद्यममा संलग्न भई आत्मनिर्भर बनेका छन्। महिलाहरू चिया पसल खोल्ने, टेम्पो चालक बन्नेजस्ता व्यवसायमा संलग्न भएका छन्। यसबाट उनीहरूको आयआर्जनको बाटो निर्माण भएको छ। यसका साथै एकल महिलाले सेतो सारी लगाउनुपर्ने सामाजिक मान्यतालाई चिर्दै उनीहरूले बिस्तारै रातो पहिरन लगाउन थालेका छन् (Yadav, 2016, p. 13)। यी दृष्टान्तबाट नेपाली समाजका महिलाको सामाजिक हैसियत मूल्याङ्कन गर्न सकिन्छ। यसबाट उनीहरूले प्राप्त गरेको सामाजिक पहिचान बोध गर्न सकिन्छ।

## *निष्कर्ष*

नेपाली समाजका महिलालाई यथास्थितिबाट माथि उठाउनका लागि उनीहरूको आर्थिक हैसियत बलियोबनाउन आवश्यक छ। आर्थिक क्षमता निर्माणका निम्ति उनीहरू कुनै न कुनै व्यवसायमा जोडिनु अर्को अनिवार्य विषय हो। उद्यमशीलताका मार्गबाट उनीहरू त्यो प्रकृतिको व्यवसायमा जोडिन सक्छन्। त्यही माध्यमबाट उनीहरूले व्यावसायिक सफलता पनि हात पार्न सक्छन्। उद्यमशीलताले नेपाली महिलालाई व्यवसायमा मात्रै जोड्दैन, यसबाट उनीहरूको आर्थिक प्रतिनिधित्वको वातावरण निर्माण हुन्छ। आर्थिक प्रतिनिधित्व नै आर्थिक पहिचान निर्माणको मूल आधार हो। आर्थिक हैसियत मजबुत बनेपछि नेपाली महिलाले समाजमा आर्थिक पहिचान स्थापित गर्न सक्छन्। नेपाली समाजमा उद्यमशीलताका पृष्ठाधारमा यस्तो पहिचान निर्माणको वातावरण बनेको पाइन्छ। यसलाई अझै सघन बनाउन राज्यको चासो र लगानी वृद्धि हुनु आवश्यक छ। कतिपय राजनीतिक मुद्दालाई किनारा लगाउन नसक्दा नेपाली समाजमा महिला उद्यमशीलताको विषय ओझेलमा परेको छ। यो विषय ओझेलमा पर्नाले उनीहरूको आर्थिक पहिचान निर्माणको आधारभूमि कमजोर बन्न पुगेको देखिन्छ। यस दिशामा सरोकारवाला सबैले यथेष्ट दृष्टि दिनु आवश्यक छ।

आर्थिक पहिचान निर्माण नभई सामाजिक पहिचान निर्माण हुन सक्दैन। वर्तमान नेपाली समाजका महिलाको सामाजिक पहिचान निर्माणमा आर्थिक पहिचानले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। यस कार्यमा उद्यमशीलताको भूमिका अद्वितीय बन्न पुगेको छ। आर्थिक रूपमा सक्षम बन्नका निम्ति नेपाली समाजका महिलाले उद्यमको बाटो समात्नु आवश्यक छ। उनीहरू उद्यमी बन्नु पनि उत्तिकै अनिवार्य विषय हो। उद्यमशीलताको अवधारणाबाट नेपाली समाजका महिला यस मार्गमा अग्रसर हुन सक्छन्। आर्थिक समृद्धि हासिल गरेपछि मात्रै उनीहरूको सामाजिक पहिचान निर्माणको बाटो खुल्छ। आजका नेपाली नारी यस दिशामा अग्रसर भएका छन्। सहरमा मात्र नभई ग्रामीण इलाकाका नारीको सामाजिक पहिचान निर्माणमा पनि उद्यमशीलताले महत्त्वपूर्ण भूमिका खेलेको छ। राज्यले पर्याप्त लगानी गर्न नसक्दा नेपाली नारीको सशक्तीकरणको प्रक्रिया अलमलिन पुगेको छ। वैयक्तिक प्रयत्नका साथै कतिपय सक्रिय संस्थाका सहयोगमा

नेपाली महिलाले यस मार्गलाई बलियो बनाउँदै लगेका छन् । अस्थिर राजनीतिक परिवेश स्थिर बन्न नसक्दा राज्यको लैङ्गिक सशक्तीकरण सम्बद्ध कार्यक्रमले सोचेअनुरूप प्रगति हासिल गर्न सकेको देखिँदैन । यस्ता कार्यक्रम अझै ओझेलमै परेका छन् । निष्कर्षहीन राजनीतिक विषय सन्दर्भलाई निष्कर्ष प्रदान गरी राज्यको लगानी सुनिश्चित गर्न सके महिलाको आर्थिक तथा सामाजिक पहिचान निर्माणमा उद्यमशीलतालाई दरिलो आधार बनाउन सकिनेमा कसैको दुई मत नहोला । नेपाली महिलाको सशक्तीकरणका सन्दर्भमा उद्यमशीलतामार्फत् पृष्ठभूमि निर्माण गर्नु आजको आवश्यकता हो । तसर्थ, उद्यमशीलताका कार्यक्रम कार्यान्वयनका दिशामा अग्रसर भई महिला सशक्तीकरणको विषयलाई अर्थपूर्ण परिणति प्रदान गर्नु सान्दर्भिक ठहर्दछ ।

सन्दर्भ सामग्रीसूची


खतिवडा, धरणीधर (२०७७). 'विकासमा महिला सहभागिता'. annapurnapost.com, https://annapurnapost.com/story/173340

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल. (२०७८). *नेपाली महिलाहरूको आर्थिक सशक्तीकरण : मुद्दा, चुनौती र आगामी कार्यदिशा.* (गाउँपालिकास्तरीय अध्ययन). गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल ।

गोरखापत्र अनलाइन. (२०८०, १९ पुस). 'महिला उद्यमशीलता'. *गोरखापत्र अनलाइन.* https://gorkhapatraonline.com/news/91659

ज्ञवाली, शोभा (२०८२). 'नेपाल उत्थानमा महिला उद्यमशीलता'. nagariknews.nagariknetwork.com, https://nagariknews.nagariknetwork.com/opinion/women-s-entrepremity-in-the-urgency?click_from=category

ज्ञवाली, शोभा (२०८१). 'महिला उद्यमशीलता : देश विकासको संवाहक'. arthanepal.com, https://arthanepal.com/ 2025/03/72565/

पन्त, इन्दिरा (२०७७). 'उद्याशीलता : आजको आवश्यकता'. *onlinekhabar.com.* https://www.onlinekhabar.com/2020/07/880218

राष्ट्रिय महिला उद्यमी सम्मेलनको प्रतिवेदन (२०८०). *fncci.org.* https://fncci.org/uploads/publication/file/WomenConf-Report2080_20240728045310.pdf

Basnet, R. K. (2024). Role of women entrepreneurship in economic development of Nepal. *Cognition.* 6(1), 90–97.

Bhadra, C., & Thapa, M. (2007). *Nepal: Country gender profile.* Japan International Cooperation Agency (JICA), Nepal.

Emon, M. M. H., & Nipa, M. N. (2024). Exploring the gender dimension in entrepreneurship development: A systematic literature review in the context of Bangladesh. *Westcliff International Journal of Applied Research.* 8(1), 10–47670.

Franzke, S., Wu, J., Froese, F. J., & Chan, Z. X. (2022). Female entrepreneurship in Asia: A critical review and future directions. *Asian Business & Management.* 21(3), 343–372.

Hillman, W. (2024). Women and entrepreneurship in Nepal. *Journal of Tourism & Adventure.* 7(1), 41–53.

Mekonnen, M. (2017). *Economic and social status of members of women entrepreneurship project: The case of CARE-Ethiopia.* (Doctoral dissertation, St. Mary's University).

Rashid, S., & Ratten, V. (2020). A systematic literature review on women entrepreneurship in emerging economies while reflecting specifically on SAARC countries. *Entrepreneurship and Organizational Change: Managing Innovation and Creative Capabilities.* 37–88.

Ronstadt, R., Vesper, K. H., & McMullan, W. E. (1988). Entrepreneurship: Today courses, tomorrow degrees? *Entrepreneurship Theory and Practice.* 13(1), 7–13.

Sato, S. (2023). *Women in 'New Nepal': Through the lens of classed, ethnic, and gendered peripheries.* Routledge.

Shilpakar, R. R. (2024). Women entrepreneurship in traditional micro enterprises in Nepal (A case: Newar community in Kathmandu Valley). In Entrepreneurship and development in *Nepal: Post-COVID implications.* (pp. 37–56). Springer Nature Singapore.

Yadav, P. (2016). *Social transformation in post-conflict Nepal: A gender perspective.* Routledge.